**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)


# स्थानीय राजपत्र

*वर्ष : ५, अंक १, संख्या १, दि.सि.न.पा. डोटी, स्थानीय राजपत्र भाग २, मिति : २०७८।०१।१५ बुधवार*

**दिपायल सिलगढी नगरपालिका**

*सभा वैठकवाट पारित मिति : २०७८।०१।०६*


## लैङ्गिक हिंसा निवारण (कोष सञ्चालन) कार्यबिधि, २०७८

प्रस्तावनाः समाजमा वढदै गइरहेको लैङ्गिक हिंसा निवारण्का लागि कोष स्थापना गर्न आवश्यक देखिएकाले स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को (२)ले दिएको अधिकार प्रयोग गरी दिपायल सिलगढी नगरकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भःयो कार्यविधिको नाम“लैङ्गिक हिंसा निवारण (कोष संचालन) कार्यबिधि,२०७८

रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पास भए पश्चात प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

क) “नगरपालिका” भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनु पर्छ ।

(ख) “नगरसभा” भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(ग) “कार्यालय” भन्नाले दिपायल सिलगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) “शाखा” भन्नाले दि.सि.न.पा. कार्यालयको महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।

(ङ) “कोष” भन्नाले नियम ३ बमोजिमका लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(च) “प्रमुख” भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(छ) “उपप्रमुख” भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ज) “पीडित” भन्नाले लैङ्गिक हिसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(झ) “मन्त्रालय” भन्नाले संघीय सरकारको महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ञ) “राहत समिति” भन्नाले नियम ७ बमोजिमका राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ट) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्यदुर्व्यवहार,सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

३.कोषका स्थापना : (१)लैङ्गिक हिंसा निवारण कोष नामक एउटा कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा प्रदेश सरकारबाट पाप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्यकुनै स्रोतबाट प्राप्त रकम।

(ङ) नगर कार्यपालिकाबाट बिनियोजित रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टैखाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन दिपायल सिलगढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको दस्तखतबाट हुनेछ ।

४.कोषमा रकम जम्मा गर्ने : महिला हक हितको क्षेत्रमा यस नगरपालिका भित्र कार्य गर्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुले  बार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई  कोषमा जम्मा गर्नु पर्ने छ । आवश्यक रकम नगरकार्यपालिकाले समेत उक्त कोष संञ्चालनको लागि छुट्टयाउने छ र उक्त कोषको लागि नेपाल सरकारबाट प्राप्त अनुदान समेत यस कोषमा जम्मा गरिने छ ।

५. कोषका उपयोग : (१)कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क)तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदानगर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदानगर्न,

(ङ) कुनै व्यवसाय गर्नका लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदानगर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितका लागि  समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि  समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१)कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२)उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७.राहत समितिको गठनः (१)कोषको संचालन,व्यवस्थापन तथा राहत बितरण गर्ने काम समेतका लागि एक उद्धार तथा राहत सञ्चालक समिति रहनेछ ।

(२) राहत समितिको गठन विधि देहायबमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नगरपालिका प्रमुख | अध्यक्ष |
| (ख) | नगरपालिका उप प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | प्रहरी कार्यालयका प्रतिनिधि | सदस्य |
| (ङ) | लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेको संस्थाको प्रतिनीधि एक जना | सदस्य |
| (च) | कानूनी सल्लाहाकार | सदस्य |
| (छ) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |
| | | |

(३) उपनियम (२) को खण्ड(ठ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ।

(४) राहत समितिको सचिवालय नगरपालिकामा रहनेछ ।

८.राहत समितिको  काम,कर्तव्यर अधिकार : सञ्चालक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिका बाट स्वीकृत नीति,योजना तथा कार्यक्रमका लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

(घ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुँजी(सिड मनि) प्रदान गर्ने

(च) नगरपालिका मा लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने  संघ संस्था तथा निकाय बीच समन्वय गर्ने,

(छ) लैङ्गिक हिंसा हुन नदिनको लागि वडास्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

९. राहत समितिको बैठक र निर्णय :

(१)राहत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) राहत समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) राहत समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिका सदस्यहरुलाई सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सूचना सदस्यहरुलाई दिनुपर्नेछ ।

(४)समितिका कूलसदस्य संख्याको पचास प्रतिशत भन्दा बढीसदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा

उपप्रमुखले र उपप्रमुख पनि अनुपस्थिति भएमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिका बैठकमा बहुमतको राय मान्यहुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेव्यक्तिले निर्णयक मत दिनेछ ।

७ राहत समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१०. कोषमा रकम जम्मा गर्ने :-पीडितलाई राहत तथा आर्थिक सहयोग गराउनका लागि नगरपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

११ .राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकमको हद र आधार: (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढनेगरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारीसाधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र बास बस्न पर्ने भए सो वापत छुटै रकम दिन पर्ने भएमा प्रतिदिन सात सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आँउदाजाँदा

सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खानाखर्च वापतप्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभइ वाहिर बस्न परेमा बढीमा तीन दिनको बास खर्च वा प्रतिदिन सात सय रुपयाँ र उपचार खर्च समेत गरी बढीमा सात हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च पीडितसंग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि सातहजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पच्चीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाका लागि बढीमा सातहजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा पन्ध्र हजार रुपैयाँ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लेखित रकम अपर्याप्त भएको मनासिव आधार प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्ता पीडितलाई दुइ हजार रुपैयाँमा नवढने गरी मनासिव रकम थप गरी दिनसक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१२.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिन पर्नेः(१)यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकार वाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउन पर्ने मनासिव कारण खुलाइ कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२)उपनियम(१)बमोजिम प्राप्त भएका निवेदन जाँच बुझ गर्दा पीडितलाइ राहत तथा आर्थिक सहयोग गर्न पर्ने देखिएमा समितिले नियम ११ का अधीनमा रही पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१३ तत्काल रकम उपलब्ध गराउन सक्ने :(१) यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार,औषधिउपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा राहत समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नवढने गरी मनासिव रकम सम्वन्धित पीडितलाइ उपलब्ध गराउन सकिने छ ।

(२)उपदफा(१)वमोजिमका अवस्था परी समितिका अध्यक्षबाट पीडितलाइ रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि वस्ने राहत समितिको वैठकबाट सो विषय अनुमोदन गराउनु पर्नेछ ।

१४. थप रकम निकासा माग गर्न सक्नेः(१) नगरकार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा राहत समितिले सो को कारण खुलाइ नगरकार्यकालिका सँग थप रकम माग गर्न सक्नेछ ।

(२)उपनियम ( १) बमोजिमको थप रकम माग भइ आएमा नगरकार्यपालिको कार्यालयले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१५.छुट्टै खाता खोल्नु पर्नेः (१) नगरपालिका कार्यालयले कार्यपालिकाबाट प्राप्त भएका रकम कार्यालयको नाममा कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२)उपनियम(१)बमोजिमको खाताका सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. कोषको लेखा र लेखापरिक्षणः(१)कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१७.आवर्ति (रिभल्भीङ )कोषः यो कोष आवर्ति (रिभल्भीङ )कोषः को रुपमा रहनेछ ।

१८. प्रतिवेदन पेश गर्नेः(१)समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीका प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२)सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्रमा समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीका प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१९.बैठक भत्ता :समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भागलिए वापत नगरकार्यपालिकाले तोक बमोजिमका रकम बैठक भत्ता वापत पाउनेछन।

१८.निर्देशन दिन सक्नेः (१) नेपाल सरकार,प्रदेश सरकार तथा नगरपालिकाले सञ्चालक समितिका कामकारवाहीका सम्वन्धमा सो समितिलाइ आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

(२)उपनियम(१)बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु समितिको कर्तव्यहुनेछ।

(१९) हाल सम्म यस विषयमा भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२०) बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

(२१) संघिय कानूनर प्रदेश कानूनका ब्यवस्थासंग यस कार्यविधिका ब्यवस्थाहरु बाझीएमा बाझिको हदसम्म स्वतः वदर हुनेछन् ।

(२२)यस कार्य विधिमा संशोधन तथा थपघट गर्नपरेकमा नगर कार्यपालिकाले गर्ने छ ।

**समाप्त**

अनुसूची-१

(दफा ११ संग सम्बन्धित)

श्री अध्यक्षज्यू

उद्धार तथा राहत समिति

दिपायल सिलगढी नगरपालिका, डोटी

<u>विषय : सहयोग उपलब्ध गराई पाउँ</u>

म..........................बस्ने वर्ष................को ...............................मिति ..................मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ...................भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानूनी सहायता/ एवंम् परामर्श उद्धार/मनोविर्मश/स्वरोजगार/पुनस्थापना / अन्य ....................कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

<u>निवेदक</u>

नाम,थर..........................

ठेगाना..........................

दस्तखत.........................

मिति ...........................

**मन्जु मलासी**

**नगर प्रमुख**